# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

## अमरगढी नगरपालिका
## डडेलधुरा




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

महालेखापरीक्षकको कार्यालय नेपाल २०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:२०७६/७७
च.नं. ४९९

मितिः २०७७/३/३०

श्री नगर प्रमुखज्यू,

अमरगढी  नगरपालिका, डडेलधुरा ।

**विषयः  लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

...............
(चन्द्रकान्त भण्डारी)
नायव  महालेखापरीक्षक


Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np    Website : www.oagnep.gov.np

“जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था”

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः२०७६/७७ मितिः २०७७/३/३०
च.नं. **५००**

श्री नगर प्रमुखज्यू,
अमरगढी नगर कार्यपालिकाको
कार्यालय, डडेलधुरा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले अमरगढी नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.४९ लाख ८८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१५ लाख ७५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१९ लाख ६३ हजार नियमित गर्नुपर्ने रु.१४ लाख ५० हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/०९/६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना २५ (पच्चीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहीत स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमूख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७८।१२।२०

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# अमरगढी नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५/७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न अमरगढी नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । अमरगढी नगरपालिका अन्तर्गत ११ वडा रहेको ६० सभा सदस्य १३९.३३ व.कि.मी. क्षेत्रफल, ३१२४५ जनसंख्या रहेको छ । यो नगरपालिका सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोषः**–आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोष आयव्यय हिसावको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ३६९४७८८७.३७ | १ | **चालु खर्च** | | २५७४६२६५२ |
| | क) नगद | ० | ० | २ | **पूँजीगत खर्च** | | ८८०१०६८८ |
| | ख) बैंक | ३६९४७८८७.३७ | ० | ३ | **विषयगत निकायबाट प्राप्त रकम खर्च** | ० | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ६६२१३७०६.१२ | | **प्रदेश सरकारबाट प्राप्त अनुदान खर्च** | ० | ० |
| | क) आन्तरिक राजस्व | १५६०१६०७ | ० | ४ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| | ख) राजश्व बाँडफाँड | ५०६१२०९९.१२ | ० | | क) ऋण भुक्तानी | | ० |
| | ग) प्रदेश राजस्व बाँडफाँड | ० | ० | | ख) ब्याज भुक्तानी | | ० |
| | घ) अन्य आय | ० | ० | | ग) अन्य भुक्तानी | | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | २१६०५८३५५.१ | | | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ८३४००००० | ० | ५ | **लगानी** | | ० |
| | ख) सशर्त अनुदान | १३२६५८३५५.१ | ० | | ऋण लगानी | | ० |
| | ग) समपूरक अनुदान | ० | ० | | शेयर लगानी | | ० |
| | घ) विशेष अनुदान | ० | ० | | अन्य लगानी | | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ६७००००० | ६ | **धरौटी फिर्ता** | | ३४४३३७.४७ |
| | क)वित्तीय समानीकरण अनुदान | ६७००००० | ० | ७ | **को.ले.नि.का फिर्ता** | | ० |
| | ख) सशर्त अनुदान | ० | ० | ८ | **कोष खर्च** | | ० |
| | ग) समपूरक अनुदान | ० | ० | ९ | **मौज्दात** | | ४३८९१०८२.७७ |
| | घ) विशेष अनुदान | ४२००००० | ० | | क) नगद मौज्दात | | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | ० | | ख) बैंक मौज्दात | | ० |
| ६ | **अन्तर सरकारी तहबाट प्राप्त** | ० | ० | | मूल सञ्चित कोष | २४५४६२ | ० |
| ७ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | धरौटी खाता | ४३६४५६२०.७७ | ० |
| | क) ऋण प्राप्ति | | ० | | मर्मत सम्भार कोष | | ० |
| | ख) साँवा प्राप्ति | | ० | १० | विविध खर्च | | ० |
| | ग) ब्याज प्राप्ति | | ० | | | | ० |
| | घ) अन्य प्राप्ति | | ० | | | | ० |
| ८ | **विभिन्न कोषतर्फको आय** | | ० | | | | ० |
| ९ | **जनसहभागिता (नगद)** | | ० | | | | ० |
| १० | **विषयगत निकायबाट प्राप्त रकम** | | ० | | | | ० |
| ११ | **धरौटी आय** | | ४११२६५०.६५ | | | | ० |
| १२ | **लगानीको साँवा फिर्ता** | | ० | | | | ० |
| १३ | **अन्य विविध आय** | | ५९६७६१६१ | | | | ० |
| | **जम्मा** | | ३८९७०८७६०.२४ | | **जम्मा** | | ३८९७०८७६०.२४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्याङ्कन तथा स्वीकृत लेखापरीक्षण योजनाबमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि जोखिम विश्लेषण, नमूना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन, एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्षसहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । रु.५ लाखभन्दा बढी खर्च भएका योजनाहरुको स्रेस्ता नमूना छनौटको माध्यमबाट लेखापरीक्षण गर्दा देखिएका व्यहोराका सम्बन्धमा कार्यालयका सम्बन्धित पदाधिकारीहरुसँग मस्यौदा प्रतिवेदनउपर मिति २०७६।८।३० मा छलफल गरी कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्: | |
| | **लेखापरीक्षणको क्रममा रु.३६०००।- असुल गरी दाखिला भएको छ ।** | |
| १. | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने व्यवस्था अनुसार तेस्रो नगर सभाले २०७५ आषाढ ६ गते प्रारम्भ भई आषाढ १० गते बजेट तथा कार्यक्रम प्रस्तुत भएको छ। आषाढ मसान्तभित्र यसरी पेश भएको बजेट तथा कार्यक्रम ३ कार्यदिन छलफल भई पारित भएको देखिन्छ । | |
| २. | नगर सभाबाट मिति २०७५ आषाढ १४ गते नीति तथा कार्यक्रम स्वीकृत भएको छ । जसमा कुल आयतर्फ ३३ करोड ६६ लाख ७९ हजार तथा खर्चतर्फ पूँजीगत कार्यक्रम ३३ करोड ६६ लाख ७९ हजार, प्रति वडालाई रु.२५ लाख १९ हजारका दरमा रु.२ करोड ७७ लाख ११ हजार खर्च प्रस्ताव गरेको देखिन्छ । कुल बजेटको ६० प्रतिशत नगरस्तरिय कार्यक्रममा खर्च हुने गरी प्रस्ताव गरिएको क्षेत्रगत कार्यक्रमहरु निम्नानुसार स्वीकृत भएको देखियो । | |

| सि.नं. | समितिगत स्वीकृत कार्यक्रम | योजना संख्या | विनियोजित बजेट (रु. हजारमा) |
|---|---|---|---|
| १ | आर्थिक विकास | १८ | ६९६५ |
| २ | संस्थागत विकास | २४ | ४१५७ |
| ३ | सामाजिक विकास | ७४ | १२१५९ |
| ४ | पूर्वाधार विकास | ४४ | १०५३४ |
| ५ | वित्तीय व्यवस्थापन सुशासन | ६ | १७३५ |
| ६ | वन, वातावरण, विपद् व्यवस्थापन | २१ | २७७१ |
| ७ | १-११ वडास्तरिय कार्यक्रमहरु | २५४ | २७७११ |

| | | |
|---|---|---|
| | नगरपालिकाले उपरोक्त ९ वटा क्षेत्रगत कार्यक्रम अन्तर्गत ४४१ वटा योजना कार्यान्वयनका लागि प्रस्ताव गरी बजेट तथा कार्यक्रम बाँडफाँड गरेकोमा उपरोक्त कार्यक्रमहरु कार्यान्वयन गरी सो को भौतिक प्रगतिसमेतको वार्षिक प्रगति प्रतिवेदन तयार गरेको देखिएन । अख्तियारप्राप्त प्रमूख कार्यकारी अधिकृतलाई बजेट खर्च गरी कार्यान्वय गरेका कार्यक्रमको वार्षिक प्रगति अनिवार्य बनाउन जिम्मेवार बनाउनुपर्दछ । | |
| | **वित्तीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:** | |
| ३. | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१०८६५०००।- आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.१५६०१६०६.८८ अर्थात अनुमान भन्दा ४४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका थप स्रोतको पहिचान गरी थप आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ४. | **खर्च गर्ने अख्तियारीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था भएपनि नगर प्रमूखले प्रमूख प्रशासकिय अधिकृतलाई वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको अख्तियारी प्रदान गरेको देखिएन । प्रमूख प्रशासकिय अधिकृतले वडा सचिवलाईसमेत अख्तियारी नदिई वडाका पदाधिकारीलाई पटके पेश्की दिई योजना कार्यान्वयन गरेको अवस्था देखियो । ऐनले व्यवस्था गरे अनुसारको अख्तियारी प्रत्यायोजन गरी कार्यक्रम कार्यान्वयनमा थप जिम्मेवार बनाउनुपर्दछ । | |
| ५. | **आन्तरिक आयः**<br>कार्यालयले यो वर्ष रु. १५६०१६०६.८८ आन्तरिक आय प्राप्त गरेकोमा नगरपालिका अन्तर्गतका ११ वटा वडाको आम्दानीसमेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनीक प्राप्ति खाता, आयको मासिक विवरणसमेत बनाउने गरेको देखिएन । नगरपालिकाको आयमा वडागत योगदान यकिन हुन सकेन । अतः आगामी दिनमा प्रत्येक वडाले मासिक आय विवरण तयार गरी नगरपालिकामा पठाउने र नगरपालिकाले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | |
| ६. | **आयव्ययको लेखा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ । | |
| ७. | **मध्यकालिन खर्च संरचना :**<br>अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागत लाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ८. | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र नगरपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा नगरपालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| **९.** | **नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसारनगरपालिकाले यस आ.व. मा पेश गरेका नीति तथा कार्यक्रम नगर सभाबाट देहाय अनुसार पारित गरेको देखियो : (तालिका तल) | |

| सि.नं. | नीति तथा कार्यक्रम | समेटिएका विषयहरु |
|---|---|---|
| १. | कषि तथा पशु | १९ |
| २. | स्वास्थ्य | ११ |
| ३. | खानेपानी तथा सरसफाई | १० |
| ४. | युवा तथा खेलकुद | १२ |
| ५. | सामाजिक सुरक्षा | १६ |
| ६. | शिक्षा | १९ |
| ७. | उद्योग वाणिज्य | १३ |
| ८. | पर्यटन संस्कृति | १३ |
| ९. | पूर्वाधार विकास | ३० |
| १०. | संस्थागत विकास र सुशासन | २७ |
| ११. | वित्तीय | १५ |
| १२. | विविध | २ |

नगरसभाबाट पारित उपरोक्त नीति तथा कार्यक्रममा प्राथमिकताका साथ उल्लेख गरिएका तपशिलका व्यवस्था कार्यान्वयनमा आएको देखिएन । जनतासँग वचनवद्ध गरेका उक्त व्यवस्थाको कार्यान्वयन गर्न प्रयत्न गर्नुपर्ने देखिन्छ ।

- अमरगढी विकास प्राधिकरण स्थापना र सञ्चालन
- नगर प्रहरीको व्यवस्था
- सेवा प्रवाहमा टोकन प्रणाली लागु
- अमरगढीलाई हिलसिटि बनाउने (पर्यटकिय)
- भित्री मध्ये र बाहिरी चक्रपथ
- सुविधा सम्पन्न बसपार्क
- उद्योग ग्रामको स्थापना
- पाँचवर्षे नगर शिक्षा योजना

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • रोजगार बैंक स्थापना<br>• नगरबासिसँग डाक्टर सेवा<br>नीतिमा समेटिएका अहम महत्व राख्ने उपरोक्त विषयहरु घोषणामा मात्र सिमित भएको अवस्था देखियो । अतः नगरसभाले सम्भव हुने मात्र कार्यक्रम, नीति तथा कार्यक्रममा समेटनु पर्दछ । | |
| १०. | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ११. | **चौमासिक खर्चः**<br>नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.८८०१०९८८।- खर्च भएकोमा प्रथम चौमासिकमा रु.२५९४६४१४।- अर्थात २९ प्रतिशत, दोश्रो चौमासिकमा रु.७७१२३२५।-, अर्थात ८.७६ प्रतिशत र तेश्रो चौमासिकमा रु.५४३५२२४९।-, अर्थात ६१.७६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.४२०३०९६१।- अर्थात ४७.७५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| १२. | **सशर्त अनुदान-**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्रअनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकामा अनुदानको रकम खर्च भई बाँकी रहेको रु.१४५२३६४४।८६ संघीय संचित कोषमा दाखिला भएको छ । | |
| १३. | **राजश्व अभिलेख :**<br>लेखापरीक्षणको क्रममा नगरपालिकाले राजस्व आम्दानीको निर्णय, असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको देखिएन । यसबाट नगरपालिकाको वास्तविक राजस्व असुली र दाखिला यकिन हुन सकेन । नगरपालिकाले यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| १४. | **व्यवसाय कर :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने व्यवस्था रहेको छ । नगरपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार व्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । नगरपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छनः** | |
| १५. | **तलबी प्रतिबेदन :**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १६. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले नगर प्रोफाइल तयार गरेको छ । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १७. | **कर्मचारी व्यवस्था :**<br>निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी ५१ रहेता पनि पदपूर्ति १२ रहेको देखियो । रिक्त रहेका ३९ पदमध्ये १० पदमा करारमा राखी कार्यसञ्चालन गरिएको छ । जनशक्तिको अभावमा नगरपालिकाको कार्यसम्पादन र सेवाप्रबाहमा समेत असर परेकाले दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । | |
| १८. | **आन्तरिक नियन्त्रण प्रणाली** :<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।<br>● जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको छैन ।<br>● मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा केहि सामानहरुको मूल्य खुलाएको छैन ।<br>● मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समय मै नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको<br>● स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको,<br>● कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>● वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन दिने नगरेको,<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेमा दररेट तोकेको छैन ।<br>● कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।<br>• कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार नगरिएको,<br>• यस नगरपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सि खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>• *विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजक जारी भएको आधारमा भुक्तानी नगरी भर्पाइ मात्र संलग्न गरेको पाइयो ।*<br>• *सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाख भन्दा बढिको निर्माण कार्य गराउँदा  विमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा विमा गराएको छैन ।*<br>• *सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।*<br>• *सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गर्ने गरेको देखिएन ।*<br>• वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक क्रियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि एकमुस्ट राखी भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्नेमा नगरेको<br>• खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको,<br>• कन्टिन्जेन्सी खर्चको अभिलेख रजिष्टर नराखेको,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण बनाई लागु नगरेको,<br>• कार्यक्रमगत खाता नराखेको कारण कार्यक्रमगत प्रगति यकिन गर्न नसकिएको<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको, | |
| *१९.* | **रसिद नियन्त्रण प्रणाली :**<br>कार्यालयले रसिद हानी नोक्सानी एवं दुरुपयोग नहोस भन्नका लागि रसिद नियन्त्रण खाता राख्नुपर्नेमा सो खाता राखेको देखिएन । जसले गर्दा गतवर्षको रसिद मौज्दात, यस वर्ष छपाई गरेको रसिद संख्या, यस वर्षको रसिद प्रयोग स्थिति तथा रसिदको बाँकी रहेको मौज्दातसमेत यकिन हुन सकेन । कार्यालयले रसिद नियन्त्रण खाता राखी सो खातामा आम्दानी र खर्च विवरण व्यवस्थित रुपमा राख्नुपर्ने देखिन्छ । कतिपय वडाले आफैँले छापेरसमेत आय रसिदको प्रयोग गरेको पाइयो । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण र  व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । | |
| *२०.* | **बार्षिक खरिद योजना/ गुरुयोजना -**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बनाउनुपर्ने व्यवस्था छ । यस नगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.८८०१०६८८।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर नगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २१. | ***सवारी साधन खरिदको विवरण*** *: नगरपालिकामा भएका सवारी साधन सम्बन्धी विवरण देहायबमोजिम छः* | |

| क्र. सं | सवारी साधन | खरिद संख्या | मूल्य | प्रयोग गर्ने पदाधिकारी संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | जीप | २ | २१५०००० | प्रमूख, उपप्रमूख | |
| २ | टिपर | २ | ४४३०३८४ | सरसफाई | |
| ३ | व्याक हो लोडर | १ | ४६८००० | | |
| ४ | ट्याक्टर | २ | २६७०००० | सरसफाई | |
| ५ | दमकल | १ | ६३५०००० | | |
| ६ | मोटरसाइकल | १६ | ३८९२४२४ | पदाधिकारी तथा कर्मचारी | |
| ७ | मोटरसाइकल | २ | ५४१४१६ | वडाध्यक्ष | ०७५/७६ मा खरिद |

२२. ***सेवाप्रवाहको स्थिति :***

*गाँउपालिकाले नियमानुसार जनतालाई सेवा सुविधा दिनुपर्दछ । यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :*

| *सि.नं.* | ***विवरण*** | ***जम्मा*** |
|---|---|---|
| १ | स्वीकृत घर नक्सादर्ता पास (पुरानो ६० तथा नयाँ ३०) | ९० |
| २ | अस्थायी इजाजत प्रदान ियधभच त्भ द्यक्ष िभखर्भा | पेश नभएको |
| ३ | स्थायी इजाजत प्रदान म्एत्रृ िभखर्भा द्दण्ठद्धरठछ | ” |
| ४ | निर्माण सम्पन्न सिफारिस (पुरानो तथा नयाँ) | ” |
| ५ | निर्माण सम्पन्न हुन बाँकी | ” |
| ६ | नक्सा पास नभएका पुराना घरहरुको अभिलेखीकरण | ” |
| | ***पञ्जिकरण तर्फ*** | |
| ७ | *जन्मदर्ता* | ११४७ |
| ८ | *मृत्यू दर्ता* | |
| ९ | *बसाईसराई दर्ता* | पेश नभएको |
| १० | *बिबाहदर्ता* | ” |
| ११ | *अन्य* | ९७६ |
| | ***अन्य सिफारिस*** | - |
| १२ | *घरबाटो सिफारिस* | ३५८ |
| १३ | *नागरिकता सिफारिस* | ६५ |
| १४ | *नाता प्रमाणित* | ४२४ |
| | ***पूर्वाधार विकास सडक निर्माण*** | |
| १५ | *कालोपत्रे सडक निर्माण* | पेश नभएको |
| १६ | *कालोपत्रे सडक मर्मत* | ” |
| १७ | *ग्राभेल सडक निर्माण* | ” |
| १८ | *ग्राभेल सडक मर्मत* | ” |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार नगरपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा आएको देखिएन । सिफारिस लगायतका अत्यावश्यक सेवा समेत दिन नसेकेको नगरपालिको सेवाप्रवाहको स्थितिमा सुधार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२३.</td><td>कानून निर्माण र कार्यान्वयन :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस वर्ष नगरपालिकाले तर्जुमा गरेका निम्न कानूनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् :<br>
<table>
<tr><th>सि.नं.</th><th>कानूनको नाम</th></tr>
<tr><td>१.</td><td>अमरगढी नगरपालिकाको आर्थिक ऐन,२०७५</td></tr>
<tr><td>२.</td><td>अमरगढी नगरपालिकाको विनियोजन ऐन,२०७५</td></tr>
<tr><td>३.</td><td>कृषि व्यवसाय प्रवर्द्धन ऐन,२०७५</td></tr>
<tr><td>४.</td><td>कार्यविभाजन नियमावली, २०७४</td></tr>
<tr><td>५.</td><td>कार्य सम्पादन नियमावली, २०७४</td></tr>
<tr><td>६.</td><td>न्यायीक कार्यसम्पादन ऐन</td></tr>
<tr><td>७.</td><td>अपाङ्ग परिचयपत्र वितरण कार्यविधि</td></tr>
<tr><td>८.</td><td>सहकारी ऐन,२०७५</td></tr>
<tr><td>९.</td><td>सम्पत्ति कर व्यवस्थापन कार्यविधि</td></tr>
<tr><td>१०.</td><td>प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४.</td><td>कल्याण कोष :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सो ब्यबस्था अनुसार यस नगरपालिकाको सभाबाट बजेट बिनियोजन गरी कर्मचारी कल्याण कोष खातामा ल्याएको छ । नगरपालिकाले यस वर्ष एकमुष्ट रुपमा रु.१५०००००।- जम्मा गरेको छ । स्थानीय तहका कर्मचारीहरुले सेवा निवृत हुँदा प्राप्त गर्ने सेवा सुबिधामा भविष्यमा एकमुष्ट आर्थिक दायित्व पर्न जाने हुँदा आफ्नो नगरपालिकाभित्रका कर्मचारीहरुको अवस्था समेतलाई मध्यनजर गरी कर्मचारी कल्याण कोषको ब्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>न्यायिक समिति :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको ब्यवस्था रहेको छ । नगरपालिकाले ३ सदस्य रहेको न्यायिक समिति गठन गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७५/७६ मा २४ वटा मुद्दाका फिराद दर्ता हुन आएकोमा समितिले २१ वटा मुद्दा फछ्र्यौट गरेको, ३ वटा मुद्दामा जिल्ला जान सल्लाह दिएको देखिन्छ । समितिले नगरपालिकाको वडागत रुपमा परेका विवाद दर्ता अभिलेख रहेको देखिएन । सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुर्याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी नगरपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न गाँउपालिकाले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.</td><td>स्थानीय तहका पदाधिकारी सुविधा :<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार नगरपालिकाबाट देहायबमोजिम रु. १०५६४८००/- सुविधा वापत भुक्तानी भएको छ । | |

| सि. नं | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ११ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ३५ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | ३५००० | ३०००० | २२००० | ९००० | ६००० | १०३६८०००० |
| २. | सञ्चार सुविधा (मासिक दरमा) | १६०० | १५०० | ७०० | ७०० | ० | १९६८०० |
| | जम्मा | | | | | | १०५६४८०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २७. | **पदाधिकारी अन्य सुविधाः**<br>सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । नगरपालिकाले ऐनले तोकेको सुबिधावाहेक बैठक भत्ता रु.७९८०००।- सुविधा खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम संगत नदेखिएको रु. | ७९८०००/- |
| | ***कार्यक्रम तथा योजनागत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:*** | |
| २८. | **योजना र कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार, बहुवर्षिय योजना तर्जुमा गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त व्यवस्थाको पालना गरिनु पर्दछ । | |
| २९. | **लक्ष्य प्रगतिको स्थितिः**<br>नगरपालिकाले सञ्चालन गरेका कार्यक्रमको चौमासिक प्रगति विवरण पेश गर्नुपर्नेमा नगरपालिकाले प्रगति विवरण तयार गरेको देखिएन। नगरपालिकाबाट सञ्चालित ४४१ वटा मूल कार्यक्रमको औषत प्रगति ७५ प्रतिशत रहेको भनाई छ । कार्यालयबाट सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरका सबै आयोजनाको निर्धारित ढाँचामा प्रगति विवरण तयार गर्नुपर्नेमा अद्यावधिक प्रगति प्रतिवेदन तयार गरेको छैन । कार्यालयले कार्यक्रमगत खर्च तथा प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| ३०. | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३१. | **सभाको निर्णय कार्यान्वयन-**<br>मिति २०७५।३। मा सम्पन्न नगरपालिकाबाट पारित विभिन्न ९ वटा क्षेत्रगत कार्यक्रम तथा अन्तर्गतका ४४१ वटा सहायक कार्यक्रमसमेतको कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| ३२. | **उपभोक्ता समिति छनौट -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्रही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने ब्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको ब्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ३३. | **खर्च अनुमोदन–**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ३४. | **योजना हस्तान्तरण:**<br>निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनैपनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ३५. | **सार्वजनिक तथा सामाजिक परीक्षण:** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने व्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| ३६. | **गुणस्तर परीक्षणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप लगायत सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| | **वित्तिय समानिकरण (पूँजीगत)** | |
| ३७. | **कार्यालय भवन निर्माणः**<br>कार्यालयको सभाहलसहितको सुविधा सम्पन्न प्रशासनिक भवन निर्माणको कार्य ल.ई. रु.६२१९३४५५।५८ (मु.अ.कर बाहेक) स्वीकृत भई २०७७।३।२७ मा निर्माण कार्य सम्पन्न गर्ने शर्तमा निर्माण व्यवसायी रोयल कन्स्ट्रक्सनसँग रु.६१७९९३०४।८४ मा ठेक्का सम्झौता भएको देखियो । गत वर्षसम्म Civil Work तर्फको कार्य चौथो रनिङ बिलसम्म रु.२९६३५०००।- भुक्तानी भएको छ । यस वर्ष ठेकेदारले पाँचौं रनिङ बिल पेश गरी रु.९०५३९२९।- समेत हालसम्म रु.३५९८८९२९।- ( मु.अ.करबाहेक) भुक्तानी भएको देखियो । यस सम्बन्धमा निम्न व्हहोरा देखिएका छन्<br>**१. निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्रीको ल्याव रिपोर्ट पेश नगरेको:**<br>निर्माण व्यवसायीसँगको खरिद सम्झौता अनुसार निर्माणको काममा प्रयोगमा ल्याएका निर्माण सामग्रीहरु एवं कंक्रिट क्युवको टेष्ट गर्नुपर्ने व्यवस्था उल्लेख छ । यस बर्ष RCC Steel Work, Pcc Works, Forma Work For PCC & RCC Work जस्ता निर्माणको लागि खरिद भएका सामग्री तथा क्युवको परीक्षण गराएको छैन । गत वर्षको प्रतिवेदनमा समेत टेष्ट रिपोर्ट पेश नभएको औंल्याएता पनि यस वर्षसमेत उक्त परीक्षण नगराई रनिङ बिल भुक्तानी भएको छ । स्ट्रक्चरमा प्रयोग हुने सामग्रीको गुणस्तर परीक्षण हुनुपर्दछ ।<br>**२. संरचनाको बीमा नगराएको:**<br>सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ११२(१) अनुसार निर्माण कार्य सञ्चालन गर्ने व्यवसायीले संरचना, कामदार, यन्त्र औजारको बीमा गरी पूर्ण प्रतिस्थापन खर्च सुरक्षित गराउनुपर्ने व्यवस्था भएकोमा सो अनुसार ठेक्का सम्झौताको G.C.C 19.1 संरचनासमेतको बीमा गराउनुपर्नेमा बीमा वेगर नै करिव ७० प्रतिशत निर्माण कार्य सम्पादन गरेको देखियो । सम्भावित Default liability Period सम्मको जोखिम न्यूनीकरणका लागि संरचनाको बीमा गराउनु पर्दछ । | |
| ३८. | **सौर्यवत्ती जडान तथा मर्मतः**<br>गो.भौ.नं. ३६५, मिति २०७५।३।२७ , नगर क्षेत्रमा विगत वर्षमा जडान भएकाक १७४ वटा सौर्य वत्ती विभिन्न समस्या आई मर्मत गर्नुपर्ने भनी आलिताल- २ का श्री भान बहादुर थापासँग प्रतिपोल रु.५००।- का दरले मर्मत सम्झौता गरेको देखियो । निजले दिएको रिपोर्ट अनुसार ११ वटा सौर्यवत्तीमा व्याट्रि लगायतका सामानहरु फेर्नुपर्ने देखिन्छ । कार्यालयले २०७६ जेष्ठ २१ देखि आषाढ २५ सम्म उक्त क्षेत्रका सौर्य वत्ती मर्मत गरेको भनी १६ वटा पोल सहितका सेटसमेत लिड एसिड व्याट्रि खरिद गरेको भनी एस. इलेक्ट्रिकल्स एण्ड सप्लायर्सलाई रु.४९२८८९।- भुक्तानी गरेको छ । तर | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सम्झौता गरेको भान बहादुर थापाले मर्मत गरे अनुसार प्रतिपोल ५००।- को भुक्तानी नभएको सामानको मात्र भुक्तानी भएको देखिनु, प्राविधिकबाट उक्त मर्मतका सिलसिलामा खरिद गरेका १६ वटा पोलसहितका व्याट्रि सेट जडान गरेको नापी किताव तथा बिलमा खर्च भएको देखिएन । यसरी मर्मत कार्यको सिलसिलामा खरिद भएका सामान जडान गरी सौर्य वत्तीको कार्य सम्पन्न गर्नुपर्दछ ।<br>नगरक्षेत्र वडा नं. ५ मा उपभोक्ता समितिमार्फत विभिन्न २७ स्थानमा सौर्यवत्ती जडान गरेको भनी रु.७६२४८०।- भुक्तानी भएको देखियो । स्वीकृत ल.ई. रु.३०७७७२९।- मध्ये कार्यालयको अनुदान रु.२४६२१८३।- मा सम्झौता अनुसार उपलब्ध गराउने भनिएकोमा स्मार्ट सोलार प्रा.लि.ले प्रथम रनिङ बिल अनुसारको २१ वटा प्यानल सेट, २२ वटा पोल सेट जिन्सी आम्दानी भएको तथा नापी किताबमा समेत २१ सेट जडान भएको बिलका आधारमा रु.७६२४८०/- भुक्तानी भएको छ । उक्त समितिसँगको सम्झौता अनुसारको सम्पन्न हुनुपर्ने समयावधि समाप्त भएको, अन्तिम रनिङ बिल पेश नभएको देखियो । उक्त सम्झौता अनुसार आपूर्तकलाई खरिद ऐन अनुसार पूर्व निर्धारित क्षतिपूर्ति लिई सौर्य वत्तीको कार्य सम्पन्न गर्नेतर्फ पहल हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९.</td><td>निर्माण सामग्री खरिदः<br>स्वीकृत कार्यक्रम अनुसार विभिन्न योजनाको मर्मत सम्भार तथा सुधारका लागि ज्मए एष्उभ जस्ता, जाली लगायतका निर्माण सामग्री खरिद गरी रु.१०१८४०५।- भुक्तानी दिएको देखियो । यसरी खरिद भएका निर्माण सामग्री सम्बन्धित योजनामा जडान गरी सो को नापी किताबमा खर्च जनाई निर्माण सामान खर्च लेख्नुपर्नेमा माग फारमका आधारमा खर्च लेखेको, कतिपय उपभोक्तालाई जिम्मा लगाएको देखियो। योजनाको लागि खरिद भएका तपशिलका निर्माण सामग्री जडान गरी नापी किताबमा खर्च जनाई सो को कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं.। मिति</th><th>सामग्री</th><th>आपूर्तक</th><th>रकम</th></tr>
<tr><td>३५३, २०७६/३/२६</td><td>ज्मए एष्उभ</td><td>अनिल मेटल पसल</td><td>२५००००</td></tr>
<tr><td>३८५, २०७६/३/२९</td><td>ज्मए एष्उभ</td><td>चटौत ट्रेडर्स</td><td>७५०००</td></tr>
<tr><td>३९५, २०७६/३/३०</td><td>ज्मए एष्उभ, ट्याङ्की</td><td>वन्दना हार्डवेयर एण्ड सप्लायर्स</td><td>३४८४६०</td></tr>
<tr><td>९०, २०७५/१२/५</td><td>” ”</td><td>सिद्धि विनायक ट्रेडर्स</td><td>३४४९४५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१०१८४०५</td></tr>
</table></td><td>१०१८४०५/-</td></tr>
<tr><td>४०.</td><td>ब्रुमर खरिदः<br>नगरपालिकाले ल्याण्डफिल साइट व्यवस्थापनको लागि १५ लाख बजेट विनियोजन गरी देहायका क्रियाकलाप सम्पादन गरी बजेट खर्च गरेको देखियो ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>सामान/सेवा खरिद</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३४४, २०७६/३/२५</td><td>रोड सफा गर्ने मेसिन (धुलो संकलन गर्नेसमेत )</td><td>५१०४९९</td></tr>
<tr><td>३१, २०७५/१०/१३</td><td>ग्यारेज व्यवस्थापन</td><td>१००००००</td></tr>
<tr><td>९१, २०७५/१२/७</td><td>डस्टविन खरिद</td><td>३४४६५०</td></tr>
<tr><td>९४, २०७५/१२/१०</td><td>सडक सरसफाई, छाडा गाइबस्तु ढुवानी</td><td>१३९८००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१९९४९४९</td></tr>
</table>
उपरोक्त सम्बन्धमा कार्यालयले खरिद गरेको रोड सफा गर्ने मेसिन प्रयोगविहीन अवस्थामा कार्यालय परिसरमा मिल्क्याएको अवस्थामा देखियो । भौगोलिक अवस्थाका कारण उक्त मेसिनले नगरक्षेत्रको धुलो संकलन (सफा ) गर्न नमिलेको हुनाले प्रयोगमा नआएको सम्बद्ध कर्मचारीको भनाई रहेको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>अतः बजेट खर्च गर्दा सामानको प्रयोग गर्न मिल्ने, सोसँग सम्बन्धित प्राविधिक ज्ञानसमेत यकिन गरी खरिद गर्नुपर्ने देखियो । अतः उक्त रोड स्वीपर मेसिनमा गरिएको नगरपालिकाको रु.५१०४९९।- लगानी खेर गएको छ ।</td><td></td></tr>
<tr><td>४१.</td><td>सम्झौता भन्दा वढी भुक्तानीः<br>
१. सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२३ अनुसार ठेक्काको बिल भुक्तानी गर्दा सम्झौता बमोजिम तोकिएको कार्य नापी किताबमा चढाएर प्रमाणित भएपछि सम्झौतामा उल्लेख भए अनुसार ठेकेदारलाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी जि.एम. कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग बागचौर-खुल्लेक वकले सडक कालोपत्रे गर्ने गरी स्वीकृत ल.ई. ५०००५२०।- कायम ठेक्का रु.२३६७०५१।९१ (भ्याट समेत) सम्झौता भएकोमा निज ठेकेदारले गतवर्षसम्म प्रथम रनिङ बिलबाट रु.१०२६११६।८४ भुक्तानी लिएको देखियो । यस वर्ष अन्तिम रनिङ बिल पेश गरी रु.१७१६२२८।५० (भ्याटसमेत) गरी कुल रु.२७४२३४५।३४ भुक्तानी भएको देखियो । यसरी ठेक्का सम्झौताभन्दा बढी भुक्तानीपूर्व नियमानुसार भेरिएसन स्वीकृतसमेत भएको देखिएन। अतः ठेकेदारसँगको सम्झौताभन्दा बढी भुक्तानी भएको रु.३७५२९३।४३ ठेकेदारबाट असुल हुनुपर्ने रु.<br>
२. टुँडिखेल आइत सडक निर्माण कार्य निर्माण व्यवसायी श्री. जि.एस. कन्स्ट्रक्सनसँग २०७४।१२।२३ मा रु.२३७२५३७।१५ (भ्याटसमेत) मा सम्झौता भएकोमा निज ठेकेदारले गत वर्ष प्रथम रनिङ बिल पेश गरी रु.१६०३७६८।७२ (भ्याटसमेत) भुक्तानी लिएकोमा यस वर्ष अन्तिम रनिङ बिल रु.७८९४८६।२१ भुक्तानीसमेत रु.२३९३३५४।९४ भुक्तानी लिएको देखियो । यसरी ठेक्का सम्झौता भन्दा वढी भुक्तानी दिनुपूर्व नियमानुसार भेरिएसन स्वीकृत समेत भएको देखिएन । अतः ठेकेदारसँगको सम्झौताभन्दा बढी भुक्तानी भएको रु.२०७१७।७९ ठेकेदारबाट असुल हुनुपर्ने रु.<br>
३. निर्माण व्यवसायी कालिका निर्माण सेवासँग डक्ले सल्लाघारी सडक कालोपत्रे गर्ने कार्यको लागि रु.६१८०६२४।७२ (भ्याटबाहेक) सम्झौता भएकोमा निर्माण व्यवसायीले गत वर्ष प्रथम र दोश्रो रनिङ बिलबाट रु.५४६०६८८।४८ (भ्याटबाहेक) भुक्तानी लिएकोमा यस वर्ष रु.७९७५७७।२८ को बिल भुक्तानी लिएको देखियो । कार्य सम्पन्न प्रतिवेदन अनुसार जम्मा सम्पन्न कार्य रु.६२५८२६५।- मूल्याङ्कन भएको भनी निज ठेकेदारले कबोल गरेको सम्झौता अंकभन्दा रु.७७६४०।७६ बढी भुक्तानी भएको देखियो । उक्त भुक्तानीपूर्व नियमानुसार भेरिएसन स्वीकृतसमेत भएको नदेखिएकाले ठेकेदारसँग भएको सम्झौता अंकभन्दा बढी रु.७७६४०।७६ तथा सोमा थप मु.अ. कर रु.१००९३।- समेत बढी भुक्तानी भएको रु.८७७३४।- ठेकेदारबाट असुल हुनुपर्ने रु.</td><td>३७५२९३/४३<br><br>२०७१७/७९<br><br>८७७३४/-</td></tr>
<tr><td>४२.</td><td>मुल्य अभिबृद्धि करः<br>
आर्थिक विधेयक, २०७६ ले मू.अ.कर ऐन, २०५२ मा गरेको संशोधित व्यवस्था एवं मू.अ.कर नियमावली, २०५३ को २१ औ संशोधनअनुसार ६(ग) को थप व्यवस्थाले कार्यालयले ठेक्का, परामर्श, सामान आपूर्तिमा आर्पूतकलाई बिजकअनुसार थप भुक्तानी हुने मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशतले हुनआउने रकम कार्यालयबाट भुक्तानी खर्च लेख्दा कट्टा गरी सम्बन्धित आर्पूतकको स्थायी लेखा दर्ता रहेको आन्तरिक राजस्व कार्यालयको कोडमा नै दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकाले २०७६ जेष्ठ १५ पछाडीका भुक्तानीमा थप दिएको मु.अ.कर रकमको ५० प्रतिशतले हुने रकम कट्टा नगरी पुरै मु.अ.कर भुक्तानी दिएको देखियो । परीक्षण भएका भौचरहरुको आधारमा देखिएका उल्लेखनीय मू.अ.कर कट्टी नगरेको कर रकमको मु.अ.कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>फर्मको नाम</th><th>प्यान नं.</th><th>ख्ब्ट सहितको रकम</th><th>ख्ब्ट रकम</th><th>५०% ख्ब्ट</th><th>विजक नं.</th></tr>
<tr><td>३५०,०७६/३</td><td>उग्रतारा</td><td>३०४१८११६२</td><td>१८०५३१</td><td>२३४६९</td><td>११७३५</td><td>१०४४</td></tr>
</table></td><td>१५४१२६/-</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| /२६ | मार्केटिङ | | | | | |
| ३५१,०७६/३/२६ | उग्रतारा इन्फोटक | ३०५०९४७४६ | ९०४०० | ११७५२ | ५८७६ | |
| ३५३,०७६/३/२६ | अनिल मेटल पसल | ३००६९४९४५ | २२१२९८ | २८७६८ | १४३८४ | ३७० |
| ३५८,०७६/३/२६ | रचना कन्स्ट्रक्सन | ३०२७७४६६५ | २५२८९४ | ३२८७६ | १६४३८ | ४ |
| ३४५,०७६/३/२५ | उग्रतारा इन्फोटक | ३०५०९४७४६ | १३०००० | १६९०० | ८४५० | |
| ३५७,०७६/३/२७ | आलोक निर्माण सेवा | ३०२१२९२२३ | ४४२००० | ५७४६० | २८७३० | २१ |
| ३५७,०७६/३/२७ | एस इलेक्ट्रिकल्स | ३०५७०६०३२ | ८९०५५ | ११५७८ | ५७८९ | १४१ |
| ३६७,०७६/३/२७ | एलिसा हार्डवेयर | ३०४४७९०९२ | १२९२२० | १६७९८ | ८३९९ | |
| ३७२,०७६/३/२८ | शिवलिङ्ग क.ट्रेडिङ | ३०५३३४२०० | ११६३०० | १५११९ | ७५५९ | १ |
| ३७४,०७६/३/२८ | एल.एच. इलेक्ट्रिकल्स | ३०५७०४०२० | १३११८२ | १७०५४ | ८५२७ | |
| ३८५,०७६/३/२८ | चटौत ट्रेडर्स | ३००२९०१०५ | ६६३७५ | ७६२८ | ३८१४ | २६४ |
| ३९५,०७६/३/२२ | वन्दना हार्डवेयर | ३०३७८७०९९ | ३०८३७२ | ४००८८ | २००४४ | १७४ |
| २२३, ०७६/३/९ | सृजना फर्निचर | ३०२७७८९११ | २२१२६० | २८७६३ | १४३८१ | १८० |
| **जम्मा** | | | | | १५४१२६ | |

*४३.* **बढी भुक्तानी:**

सहश्रलिङ्ग मा.वि. राईको अघिल्लो आ.व.को क्रमागत ४ कोठे भवनको ल.ई. अनुसार कुल लागत रु.५३९३४३१।३४ मध्ये रु.३६०००००।- अनुदान दिने बाँकी ३३ प्रतिशत जनश्रमदानबाट व्यहोर्ने शर्तमा सम्झौता भएकोमा कार्यसम्पन्न प्रतिवेदनमा ल.ई. भन्दा कम अर्थात रु.५३३३८८७२।६३ भएकोमा सो बाट जनश्रमदानको हिस्सा कटाई रु.३५७७०४४।६६ भुक्तानी हुनुपर्नेमा पुरै सम्झौताबमोजिमको रकम भुक्तानी भएको छ । सम्झौताविपरीत रु.२२९५५.३४ बढी भुक्तानी भएको देखिएकाले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. २२९५५.३४

*४४.* **न्यून बजेट योजना:**

स्थानीय निकायहरुले समानीकरण तथा सशर्त अनुदानतर्फको कार्यक्रम तथा बजेट विनियोजन गर्दा रु.५ लाखभन्दा कम लागत अनुमानका योजनाहरु स्वीकृत गर्न नहुनेमा यस वर्ष उक्त उल्लेखित सीमाभन्दा कम (२०००० देखि ५ लाख सम्म) ८७ वटा योजनामा रु.१ करोड ६७ लाख बजेट तथा कार्यक्रम छुट्याएको छ । नगर सभामा नगर कार्यपालिकाले कार्यक्रम प्रस्ताव गर्दा योजनाको

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्राथमिकता यकिन गरेर रु.५०००००।- भन्दा माथिका योजना मात्र स्वीकृत गर्ने असल अभ्यासको थालनी गर्नुपर्दछ । | |

४५. **बर्षान्तमा रकमान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । नगरपालिकाको नीति तथा कार्यक्रममा योजना कार्यान्वयन सम्बन्धमा बैशाख मसान्त पछि यस्तो रकमान्तर तथा उपभोक्ता सँग कार्यान्वयन सम्झौता नगरिनेसमेत उल्लेख छ । यो वर्ष कार्यापालिकाले पटके निर्णयबाट ७ वटा स्वीकृत कार्यक्रमको रु.११६८२७५।- बजेट विभिन्न नयाँ १७ वटा योजना तथा कार्यक्रममा आषाढ महिनामा आएर रकमान्तर गरेको देखियो । कार्यालयले योजना तर्जुमा गर्दा विस्तृत सर्भेक्षण तथा प्राथमिकीकरण गर्न नसक्दा गाँउसभाबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन हुन नसकी रकमान्तर गरी अन्यत्र खर्च गर्नुपर्ने अवस्था देखियो । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ ।

| **सि.नं.** | **गाउँसभाबाट पारित योजना** | **विनियोजन बजेट** | **गाउँपरिषदको बैठकबाट अन्यत्र सारी कार्यान्वयन गरेका योजना** | **बजेट खर्च** |
|---|---|---|---|---|
| १ | विविध | २५०००० | मन्दिर मर्मत | ५०००० |
| | | | पाइप खरिद | २००००० |
| २ | पोषणयुक्त पशु कृषि कार्यक्रम | २००००० | न्यानो लुगा | १२५००० |
| | | | आलु बिउ | ७५००० |
| ३ | गाउँन्याउला ट्याङ्की निर्माण | २५००० | विद्यालयलाई गणेशमान अनुदान | २५००० |
| ४ | च्याउखेती तालिम | १५०००० | पाइप खरिद, जाली खरिद | १५०००० |
| ५ | डिपिङ ट्याङ्क निर्माण | १००००० | असिग्राम आ.वि. अनुदान | ७५००० |
| | | | खानेपानी मर्मत | २५००० |
| ६ | लक्षित कार्यक्रम | ३४३२७५ | लागु औषध अभिमुखिकरण लगायतका ६ वटा कार्यक्रममा रु.१७०००।- देखि १६०००० का दरले | ३४३२७५ |
| ७ | जर्सि गाई वितरण | १००००० | आलु बिउ वितरण | ८०००० |
| | | | लटेश्वर मन्दिर मर्मत | २०००० |
| **जम्मा** | | **११६८२७५** | | **११६८२७५** |

४६. **सशर्त शिक्षा :**

नगर क्षेत्र वडा नं. ५ भित्रका विभिन्न १० प्राथमिक तथा आधारभुत तहका विद्यालयहरुमा आधुनिक सिकाई प्रविधिको प्रयोग गर्न क्रियटिभ एडुमेन्ट वर्ल्ड प्रा.लि. काठमाडौँसँग सेवा प्रवाहका आधारमा प्रतिइकाई लागत सम्झौता भएको देखियो । जस अनुसार कम्पनीले ई.सि.डि. देखि कक्षा ५ सम्मका पाठ्य सामग्री, पेनड्राइभ, स्पीकरसमेतको प्याकेज प्रति प्याकेज रु.१४५००।- का दरमा, उक्त पाठ्य सामग्री प्रति विद्यार्थी थप रु.२४०।- को दरमा टकिङ बुक्स कक्षागत सिलेबस अनुसार वार्षिक २ दिने शिक्षक तालिमसहित ५० वटा वर्कसिटसहित प्रशिक्षित गरेको प्रमाणपत्रसहित प्रति विद्यार्थी रु.१०००।- का दरमा भुक्तानी गर्ने उल्लेख छ । निज आपूर्तकले पेश गरेको बिल देहाय अनुसार सेवा प्रदान गरेको भनी उल्लेख छ ।

| **सि.नं.** | **सम्झौता अनुसारको क्रियाकलाप** | **संख्या** | **दर** | **रकम** |
|---|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | टकिङ टिचर सेट | ४ | १४५०० | ५८००० |
| २. | ECD देखि कक्षा ५ सम्मको किताव | ६१६ | १२० | ७३९२० |
| ३. | वर्क सिट, सामाग्री | ३३० | १००० | ३३०००० |
| ४. | विद्यालयको लागि थप किताव | ४ | १३२० | ५२८० |
| **जम्मा** | | | | ४६७२०० |

५१९६०/-

यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्: ३३००००/-

१. विद्यालयको लागि थप किताव पेश गरेको कोटेशन अनुसार प्रति पिस रु.२४०।- उल्लेख गरेकोमा ४ पिस उपलब्ध गराएकोमा हुने रु.९६०।- भुक्तानी हुनुपर्नेमा रु.५२९२० भुक्तानी भएकाले रु.५१९६०।- बढी भुक्तानी भएकाले असुल हुनुपर्ने रु.

२. बिलमा उल्लेख वर्कसिट, शैक्षिक सामग्री, तालिम, विद्यार्थी प्रमाणपत्र वितरण गरेको भनी बिल अनुसार ३३० वटाको प्रतिगोटा रु.१०००।- ले हुने रु.३३००००।- को प्रमाण पेश नगरेकाले उक्त रकम बढी भुक्तानी भएको देखिएकाले इभेन्ट बेगरको भुक्तानी असुल हुनुपर्ने रु. ७००८/-

३.आयकर ऐन, २०५८ को दफा ८८ अनुसार नियमानुसार लाग्ने १.५% आयकर कट्टि गरेर बिलको रकम रु.४७७२००।- भुक्तानी दिनुपर्नेमा आयकर कट्टि भएको नदेखिएकाले नियमानुसार लाग्ने अग्रिम आयकर असुल हुनुपर्ने रु.

४७. **उपभोक्ता समितिले सम्झौता अनुसार कार्यान्वयन जिम्मा लिएको निर्माणको काम निर्माण व्यवसायी मार्फत गराएको :**

**ख**).उपभोक्ता समितिलाई निर्माण कार्यको बढीमा रु.१ करोडसम्मको लागत अनुमानको कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन सकिने व्यवस्था छ । यसरी उपभोक्ताले सम्झौता गरी लिएको योजना पुनः तेस्रो पक्षलाई करार गराई दिन नमिल्ने उल्लेख भएकोमा कार्यालयसँग सम्झौता गरेका अधिकांश ग्रामिण सडकहरु, लघु जलविद्युत योजनाहरु उपभोक्ताले ठेकेदारसँग पुनः सम्झौता गरी ग्रामिण सडकमा एक्साभेटर लगाएर खनी ठेकेदारको बिल संलग्न गरी भुक्तानीको लागि पेश गर्ने गरेको देखियो । प्राविधिकहरुले लागत अनुमान तयार गर्दा जनश्रमदानको Component अनुसारको कम यकिन गरी कुल लागत अनुमान तयार नगर्ने, सम्झौताअनुसारको भुक्तानी बिल तयार गर्दासमेत उपभोक्ताको सम्झौतामा कबोल अंकको जनश्रमदानको Component अनुसारको कामको मूल्याङ्कन बिल तयार नगरेकाले कार्य सम्पन्न प्रतिवेदनमा एकमुष्ट कुल मूल्याङ्कन रकमबाट भुक्तानी हुने अंश कट्टा गरी बाँकी बचत रकम उपभोक्ताको जनश्रमदान भनी बिलको अन्तिम हरफमा उल्लेख गर्नाले उपभोक्ताको यथार्थ जनश्रमदानको यकिन हुन सक्ने अवस्था देखिएन । उपभोक्तासँग गरेका सम्झौतामा न्यूनतम १५ प्रतिशत श्रमदान अनिवार्य गरेकोमा उपभोक्ताले ठेकेदारलाई सडक निर्माणको कार्य सवलेटमा दिएकाले श्रमदानको अंश समावेश हुन सक्ने अवस्था देखिएन ।

**क**) सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९)(१०) बमोजिम उपभोक्ताबाट सम्पन्न गर्ने गरी सम्झौता भएका निर्माण कार्यमा डोजर,लोडर एक्साभेटर जस्ता हेभी मेशीनहरुको प्रयोग गर्न नमिल्ने तर लागत अनुमान तयार गर्दा नै उक्त मेशीन प्रयोग गर्नुपर्ने प्रकृतिको काम उल्लेख भएका मेशीनको प्रयोग गर्न सकिने उल्लेख छ । यसरी उपभोक्ता समितिले सम्झौताबाट लिएको निर्माण कार्य पुनः सवलेटमा ठेकेदारबाट गराउन सकिने छैन भनी उल्लेख छ । निकायले सिचाई,

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

खानेपानी तथा ग्रामीण सडकका सवैजसो योजनाहरु उपभोक्ता समिति मार्फत गराउन सम्झौता गरेकोमा ती समितिहरुले आ आफुले जिम्मा लिएका निर्माणका कार्यहरु पुनः निर्माण व्यवसायीसँग सम्झौता गरी मू.अ.कर विजक जारी गरी निर्माण कार्य गराइ मु.अ. कर रकम थप गरी भुक्तानी लिएको अवस्था छ । एक्जाभेटर, ब्रेकर जस्ता सामानको प्रयोग गरी निर्माण व्यवसायीबाट सम्पन्न गराएका समितिहरुले सम्झौता गरेका योजनाका केही उदाहरण निम्न छन ।

| गो.भौ.नं./ मिति | उपभोक्ता समिति | योजनाको नाम | सम्झौता रकम | ठेकेदारबाट गराएको कामको भुक्तानी रकम | ठेकेदारको नाम |
|---|---|---|---|---|---|
| २३१/०७६/३/१२ | भलिया झुरकाली कोटकाटे स.उ.स. | भलिया झुरकाली कोटकाट सडक | ६००००० | ५८४६०० | आलोक निर्माण सेवा |
| २३८/०७६/३/१३ | डोला मनाता स.उ.स. | डोला मनाता सडक | ३५०००० | २३२६१७ | एस के कन्स्ट्रक्सन |
| २९०/०७६/३/२२ | पोखरा सिरो शैलेश्वर स.उ.स. | पोखरा भाट शैलेश्वर सडक | ६००००० | ४८०३१५ | सिद्धबाबा निर्माण सेवा |
| २९६ /०७६/३/२२ | झुरकाली सडक मर्मत समिति | झुरकाली सडक | ४००००० | ४००००० | " " |
| ३३२/०७६/३/२५ | खनमडा टाटर बकाडे स.उ.स. | खनमडादेखि टाटर स.उ.स. | ७००००० | ४७६००० | पि.एस. कन्स्ट्रक्सन |
| ३३,०७५/१०/१५ | आइत सुनेडा सडक मर्मत उ.स. | आइत सुनेडा अजयमेरु सडक | ५००००० | ४७६००० | घटाल कन्स्ट्रक्सन |
| ३६, ०७५/१०/१५ | जोगेली सडक नि.उ.स. | जोगेली देउबुडि सडक | ५००००० | ४९०००० | " " |
| ४२, ०७५/१०/२२ | कैलपाल सडक नि.उ.स. | कैलपाल खन्नेमडा सडक | २००००० | १९०००० | " " |
| ४८, ०७५/१०/१२ | आइत सुनेडा सडक नि.उ.स. | आइत सुनेडा मझेलवटा सडक | ४००००० | ३५७००० | " " |
| ५९,०७५/११/१९ | रातागौन खनमडा स.उ.स. | रातागौन खनमडा शैलेश्वर सडक | ५५५५०० | ४३०९०० | जि.एस. कन्स्ट्रक्सन |
| ६१,०७५/११/१९ | किर्तिपुर झुरकाली स.उ.स. | किर्तिपुर झुरकाली अजयमेरु सडक | १००००० | १००००० | आलोक निर्माण सेवा |
| ८०,०७५/११/ | भजनेउटा घचोडा | भजनेउटा घचोडा सडक | ५००० | ५००००० | जि.एस. कन्स्ट्रक्सन |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>२७</td><td>स.उ.स.</td><td></td><td>००</td><td></td><td></td></tr>
<tr><td>८५,०७५/११/२९</td><td>रजोडा पथरोडा स.उ.स.</td><td>रजोडा पथरोडा सडक</td><td>१००००००</td><td>१००००००</td><td>भागेश्वर निर्माण सेवा</td></tr>
<tr><td>११२, ०७६/२/१</td><td>डकले जिलोडा स.उ.स.</td><td>डकले जिलोडा सडक</td><td>५०००००</td><td>५०००००</td><td>आलोक निर्माण सेवा</td></tr>
<tr><td>२२४, ०७६/३/९</td><td>कालापत्थर बरमकट्टे स.उ.स.</td><td>कालापत्थर बरमकट्टे बगर सडक</td><td>५०००००</td><td>४८५९००</td><td>एस.के.कन्स्ट्रक्सन</td></tr>
<tr><td>३१, ०७५/१०/१२</td><td>दुनदुने ग्यारेज नि.स.</td><td>दुनदुने बाटो निर्माण</td><td>१००००००</td><td>१००००००</td><td>आलोक निर्माण सेवा</td></tr>
<tr><td>१५७, ०७५/३/१</td><td>भवन निर्माण समिति</td><td>वडा नं. १० कार्यालय भवन निर्माण</td><td>५०००००</td><td>४९९०४३</td><td>विबेक निर्माण सेवा</td></tr>
</table>
यसरी उपभोक्ताले जिम्मा लिएको करार सम्झौता अनुसारको कार्य सबलेटमा दिई ठेकेदारबाट गराएको भुक्तानी नियमसम्मत देखिएन ।
</td><td></td></tr>
<tr><td>४८.</td><td>
अनुगमन खर्च :<br>
नगरपालिकाले कार्यक्रमले तोकेअनुसार बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्नेमा भ्रमण आदेश वेगर विभिन्न समयमा विभिन्न स्थान तथा योजनाको अनुगमन भ्रमण गरेको भनी प्रतिवेदन, स्वीकृत भ्रमण आदेश बेगर अनुगमन खर्च भनी भुक्तान गरेको निम्न बमोजिमको रकम नियम संगत नदेखिएको रु.
<table>
<tr><th>गो.भौ.नं.र मिति</th><th>अनुगमन खर्च</th></tr>
<tr><td>६३/२०७५/६/२३</td><td>६७००.००</td></tr>
<tr><td>१९७/२०७५/९/१३</td><td>६४००.००</td></tr>
<tr><td>१९९/२०७५/९/१३</td><td>३७००.००</td></tr>
<tr><td>२००/२०७५/९/१५</td><td>२१०००.००</td></tr>
<tr><td>४१३/२०७५/१०/२८</td><td>९९००.००</td></tr>
<tr><td>४२४/२०७५/११/१७</td><td>३५००.००</td></tr>
<tr><td>५७८/२०७५/१२/११</td><td>२२४००.००</td></tr>
<tr><td>५९८/२०७६/१/२९</td><td>१००००.००</td></tr>
<tr><td>जम्मा</td><td>८३६००</td></tr>
</table>
</td><td>८३६००/</td></tr>
<tr><td>४९.</td><td>
अवकाश रकमः<br>
स्थानीय निकाय तर्फका वडा सहायक पदमा निरन्तर कार्यरत कर्मचारीहरुलाई २०७५ कार्तिक मसान्तपछि कर्मचारीको स्वीकृत दरवन्दी, योग्यता तथा उमेर हदका कारण काममा लगाउन नमिल्ने भएपछि नगर कार्यपालिकाबाट मिति २०७५।३।३१ मा निर्णय भई टिप्पणी आदेशबाट सो रकम चालु खर्च खाताबाट उपदान वापत ६ कर्मचारीलाई रु.३११७३१०।- रकम भुक्तानी भएको छ । नगरपालिकाले स्थानीय निकायका कर्मचारीलाई अवकाश पछिको व्यवस्थापनका लागि कर्मचारी कल्याण कोषमा रु.१५ लाख बजेट समेत विनियोजन गरेको अवस्थामा सोही कोषबाट खर्च गर्नुपर्नेमा चालु खर्च खाताबाट लेखिएको उक्त खर्च रकम नियमसंगत देखिएन ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>५०.</td><td>प्रमाण पेश गर्नुपर्नेः<br>स्वीकृत कार्यक्रम र बजेट निर्धारित कार्यमा खर्च गरी रितपूर्वकको बिल भरपाईसहितको लेखा राख्नुपर्नेमा कार्यालयले विभिन्न समयमा वडागत रुपमा स्थानीय क्लव तथा संस्थाहरुहरुलाई कार्यक्रम सञ्चालन भनि प्रदान गरको रकम ति संस्थाहरुले उपयोग गर्नु पूर्ववत पेश गरेको कार्यक्रम अनुसार खर्च गरी सोको विल भरपाई सहितको भुक्तानी माग्नुपर्नेमा सम्बन्धित निकायले आवश्यक खर्चका प्रमाण, सामान वितरण भरपाई बेगर अनुदान खर्च भुक्तानी भएको हुँदा खर्चका बिल भरपाई तथा प्रमाणहरु पेश हुनुपर्ने अन्यथा संस्थाहरुबाट असुल दाखिला हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं. । मिति</th><th>कार्यक्रम</th><th>प्रदान गरेको रकम</th></tr>
<tr><td>७४१/२०७६/३/२</td><td>भलिवल प्रतियोगिता</td><td>८५६१५.००</td></tr>
<tr><td>८८०/२०७६/३/१९</td><td>खेलकुद कार्यक्रम</td><td>६०४४०.००</td></tr>
<tr><td>८९०/२०७६/३/१९</td><td>सामाजिक एकता क्लब भलिवल प्रतियोगिता</td><td>५००००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१९६०५५</td></tr>
</table></td><td>१९६०५५/-</td></tr>
<tr><td>५१.</td><td>वढी भुक्तानीः<br>जनस्वास्थ्य सहकारी संस्थालाई स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण कार्यक्रम सञ्चालन वापतको रु १०००००। भुक्तानी गरेको देखियो । यसरी खर्च देखाएकोमा संस्थाले विष्णु भट्ट तथा निर्मला वोगटीसँग सम्झौता गरी कार्यक्रम संयोजन वापत रु.१५०००।- दिने सम्झौता गरेकामा दोहारो गरी रु.३००००।- र प्रतिवेदन वापत भनि पुनः रु.१००००।- सहित जम्मा रु.२५०००।- बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रु.२५०००।- को १५% कर कट्टी पछि हुन आउने रकम रु.२१२५०।- निजहरुबाट असुल दाखिला हुनुपर्ने रु.</td><td>२१२५०/-</td></tr>
<tr><td>५२.</td><td>वितरित भरपाईको आधिकारिकता सम्बन्धमाः<br>नगरपालिकाले स्वीकृत बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्नेमा नगरपालिकाबाट सञ्चालित वितरणमुखी कार्यक्रम सञ्चालन गर्दा पेश भएका वितरण भरपाईमा तिथि मिति नखुल्ने, दस्तखतसमेत नगरी खाली पेश गर्ने गरेको पाइयो । अधिकांश भरपाईहरु सादा पानामा पेश गरेको तथा नगरपालिकाले वडा र केन्द्रमा तोकेका कर्मचारीले प्रमाणित गरेको समेत देखिएन । वितरण गरिएका अनुदानका कार्यक्रमबाट खरिद भएका सामानहरु बुझाउँदा सामान प्राप्त गर्ने लाभग्राहीको निर्णयसहित पहिचान स्पष्ट खुल्ने किसिमका बिलभरपाई तयार गरी सो लाई आधिकारीक व्यक्तिबाट प्रमाणित भई आए पछि मात्र यस्ता अनुदान भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>कार्यक्रमको नाम</th><th>कार्यक्रम खर्च</th></tr>
<tr><td>१६८/२०७५/७/२७</td><td>जै घास वितरण १००० के जी</td><td>८००००.००</td></tr>
<tr><td>२४१/२०७५/९/१८</td><td>आलुको वितरण१००० के जी (५०%अनुदान)</td><td>५००००.००</td></tr>
<tr><td rowspan="2">२९९/२०७५/९/१८</td><td>कुखुरा वितरण २६०वटा (५०%अनुदान)</td><td>७८०००.००</td></tr>
<tr><td>कुखुरा दाना वितरण ४०० के जी</td><td>२४०००.००</td></tr>
<tr><td>३१८/२०७५/१०/७</td><td>सुनौला हजार दिनका आमालाई अण्डा वितरण ३२५० वटा</td><td>४८७५०.००</td></tr>
<tr><td>नखुलेको</td><td>जेष्ठ नागरिकलाई न्यानो लुगा वितरण ५३ जनालाई</td><td>११६५४५.९४</td></tr>
<tr><td>५२५/२०७५/१२/१०</td><td>आलुको बिउ वितरण २२५० के जी (५०%अनुदान)</td><td>१०००००.००</td></tr>
<tr><td>५४६/२०७५/१२/१०</td><td>आलुको बिउ वितरण ८३३० के जी</td><td>३०००००.००</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| | (५०%अनुदान) | |
| ५९३/२०७६/१/२७ | प्लाष्टिक नर्सरी कार्यक्रम सिलपोलिन वितरण(५०%अनुदान) | २०००२५.०० |
| | बिउ वितरण(५०%अनुदान) | १०००००.०० |
| ६३२/२०७६/२/१२ | धान र मकै बिउ वितरण | ३१००००.०० |
| | **जम्मा** | **१४०७३२०.९४** |

५३. **प्रमाण वेगरको खर्च (भौ.नं. ३९७, २०७६।२।१२)**
स्वीकृत कार्यक्रम र वजेट निर्धारीत कार्यमा खर्च गरी सोसँग सम्वधित खर्चका विल विजक र प्रमाण सहितको लेखा राख्नु पर्नेमा क्षमता विकास तालिम वडा नं. १० मा कार्यक्रम सञ्चालन गरी रु.१०००००।- बजेट खर्च लेखेको छ । उक्त कार्यक्रममा के कार्यक्रममा उक्त बजेट खर्च भएको हो यकिन गर्न सकिएन । अतः प्रमाण वेगर खर्च लेखेको रकम असुल दाखिला हुनुपर्ने देखिएको रु.

| गो.भौ.नं. । मिति | रकम | विवरण |
|---|---|---|
| ३९७/२०७६/२/१२ | १०००००.०० | क्षमता विकास तालिम वडा न १० |
| ३९९/२०७६/२/१२ | १५००००.०० | सिलाई कटाई तालिम वडा न १० |

बेरुजू रकम: २५००००/-

५४. **अध्यक्षता भत्ता सम्बन्धमाः** नगरपालिकाद्धारा सञ्चालन गरिने सूचनामूलक, प्रवर्द्धनात्मक कार्यक्रमको उदघाटन समापन जस्ता अनौपचारिक बजेट तथा कार्यक्रमको कार्यान्वयनको सिलसिलामा अध्यक्षता लगायत सम्मानजनक आतिथ्यता ग्रहण गर्दा पारिश्रमिक भत्ता लिन पाउने व्यवस्था देखिदैन । तर कार्यालयले यस्ता कार्य वापत भत्ता वितरण गरेको देखियो । ऐन नियममा व्यवस्था नभएको अवस्थामा निम्न कार्यक्रममा अध्यक्षता , अतिथी तथा सहजीकरण भत्ता वापत कार्यक्रम व्यवस्थापक बाहेक पनि अन्यलाई रकम दिएको देखियो । यसरी लिएको रकम असुल दाखिला हुनुपर्ने रु.

| गो.भौ.नं. । मिति | पद र नाम।कार्यक्रम | भत्ता रकम | कर कट्टी | खुद रकम |
|---|---|---|---|---|
| १९७/२०७५/९/१३ | वाल क्लव गठन | ८२५०० | १२३७५.०० | ७०१२५ |
| ८११/२०७६/३/११ | कार्यक्रम नखुलेको | ५५००० | ८२५० | ४६७५० |
| ८७६/२०७६/३/१८ | कार्यक्रम नखुलेको | ११५०० | १६५० | ९८५० |
| ९८९/२०७६/३/२५ | वतावरण सम्वन्धी तालिम | ३२००० | ४८०० | २७२०० |
| | **जम्मा** | | | १५३९२५ |

बेरुजू रकम: १५३९२५/-

५५. **विविध खर्च सम्बन्धमाः**
कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रममा खर्च गर्दा विल भरपाईसहित लेखा राख्नुपर्नेमा विविध खर्च तथा विभिन्न कार्यक्रम सञ्चालन गर्दा खर्च देखाइएको निम्नबमोजिमको खाजा/खाना वापतको रकम के प्रयोजनका लागि कुन-कुन कार्यक्रममा खर्च गरिएको सो सम्बन्धी स्वीकृत कार्यक्रम, लागत अनुमानवेगर प्रयोजन नै नखुलाई खर्च भएको देखिएकाले नियम संगत नदेखिएको रु.

| गो.भौ.नं./मिति | विल /रकम |
|---|---|
| ७०/२०७५/६/२३ | १००६७०.०० |
| १३८/२०७५/७/१९ | ४५२७०.०० |
| १४१/२०७५/७/१९ | ४१४९३.०० |

बेरुजू रकम: ५६८९९६/-

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>२०७/२०७५/१२/३१</td><td>५१२६३.००</td></tr>
<tr><td>३११/२०७५/१०/४</td><td>७२७००.००</td></tr>
<tr><td>१०८४/२०७६/३/३१</td><td>९५६००</td></tr>
<tr><td>९०२/२०७६/३/२०</td><td>१६२०००</td></tr>
<tr><td>जम्मा</td><td>५६८९९६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६.</td><td>प्रमाण पेश गर्नुपर्नेः<br>स्वीकृत कार्यक्रम र बजेट निर्धारित कार्यमा खर्च गरी रितपूर्वकको बिल भरपाईसहितको लेखा राख्नुपर्नेमा कार्यालयले खर्च देखाएता पनि ति कार्यकम सञ्चालन गरेको प्रमाण र वितरण भरपाई पेश हुन आएन । अतः कार्यकम सञ्चालन गरेको प्रमाण र वितरण भरपाई पेश हुनुपर्ने अन्यथा कार्यकम सञ्चालकबाट असुल दाखिला हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं. । मिति</th><th>कार्यकमको नाम</th><th>खर्च रकम रु</th></tr>
<tr><td>११९/२०७६/२/२</td><td>फलफूल विरुवा वितरण ४६०० वटा(५०%अनुदान)</td><td>१०००००.००</td></tr>
<tr><td>५९८/२०७६/१/२९</td><td>शिक्षा तर्फ विभिन्न कार्यकम । विवरण नखुलेको</td><td>३१४७३४.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४१४७३४</td></tr>
</table>
</td><td>४१४७३४/-</td></tr>
<tr><td></td><td>ब.उ.शि.नं. ३६५८४७३ बहुक्षेत्रिय पोषण</td><td></td></tr>
<tr><td>५७.</td><td>खर्चः<br>आर्थिक कार्यविधि ऐन २०६४ को नियम ३५ मा खर्च गर्दा स्वीकृत कार्यकम अनुसार खर्च गर्नुपर्दछ । कार्यालयले सुनौला हजार दिनका महिलाहरुका लागि तरकारी बिउ वितरणमा १५० जनालाई तथा च्याऊको बिउ २०० जनालाई कार्तिकमा वितरण गर्नको लागि कमश रु १८००००। तथा २०००००। वजेट विनियोजन भएकोमा पेश गरेका भरपाईमा क्रमशः १३३ जना तथा २५ जनालाई वैशाखमा वितरण गरेको भरपाई पेश भएको छ । तरकारी बिउको कम्पोजिट प्याकेट खरिद गरिएको विभिन्न तिन विलबाट कमश ४०,३३ र ६० ग्रामको १३५० का दरले रु १७९५५० खर्च लेखेकोमा प्रत्येक प्याकेटको परिमाण तथा मूल्य यकिन हुने प्रमाण संलग्न देखिएन । कार्यालयले स्वीकृत कार्यकममा तोकिएको संख्या र समयमा कार्यकम सञ्चालन गर्ने तथा खर्चलाई पुष्ट्याई गर्ने स्पष्ट आधारका साथ स्रेस्ता राख्नु पर्दछ । तरकारीको कम्पोजिट प्याकेटको तौल तथा मूल्य स्पष्ट यकिन गर्न सकिने गरी खर्चलाई पुष्ट्याई गर्ने आधार पेश गर्नु पर्ने रु.</td><td>१७९५५०/-</td></tr>
<tr><td>५८.</td><td>कार्यक्रमभन्दा बढी खरिदः<br>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्च का विल भरपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले सुनौला हजार दिनका महिलाहरुका लागि ५५० कुखुरा वितरण गर्ने कार्यकम राखेकोमा पेश भएका कागजातमा कुखुरा खरिदको बिलमा शर्मा पोल्ट्री फार्म खजुरा ३ बाँकेको ५९० चल्ला पठाएको देखियो । कार्यक्रममा स्वीकृत परिमाणमा मात्र चल्ला खरिद गरी भुक्तानी हुनुपर्नेमा कार्यक्रम भन्दा ४० चल्लाको प्रतिगोटा रु.३६४।- का दरले हुने रु.१४५४५।६० बढी भुक्तानी भएको असुल हुनुपर्ने रु.</td><td>१४५४५/६०</td></tr>
<tr><td>५९.</td><td>बढी भुक्तानीः आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५ मा रकम खर्च गर्दा स्वीकृत कार्यक्रमको सिमा भित्र रही खर्च गनुपर्ने व्यवस्था छ । कार्यालयले गर्भवती महिलालाई सरसफाई सामाग्रीमा रु ४८९०० विनियोजन भएकोमा रु.१९०४९९ खर्च गरेको स्वीकृत कार्यक्रम भन्दा वढी खर्च भएको रकम अनियमित भएको रु</td><td>१४१५९९/-</td></tr>
<tr><td>६०.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br>योजना सञ्चालनको लागि रु.३८ लाख ५३ हजार विनियोजन गरिएकोमा नगरपालिकाका ११ वडाहरुमा</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ३० योजनाको लागि रु.३१ लाख ९२ हजार खर्च भएकोमा वडागत रुपमा कुन-कुन योजनामा के कति रकम खर्च भएको हो यकिन गर्न सकिएन । नगरपालिकाले सञ्चालन हुने योजनाको बारेमा कार्यक्रम कार्यान्वयन निर्देशिकाले तोके अनुसार तोकिएका स्वरोजगारीका कार्यक्रममा बजेट खर्च गरी कार्यान्वयन भएका कार्यक्रमको अनुगमन गरी आवश्यकता एवं क्षमताका आधारमा योजना कार्यान्वयन गराई भुक्तानी गर्नुपर्नेमा कार्यक्रम नै नखुलाई भुक्तानी गरेकाले मनासिव देखिएन । | |

**६१.** **अन्य प्रयोजनको खर्चः**

स्वीकृत बजेटभित्र तोकिएको खर्च शिर्षकमा मात्र खर्च गर्नुपर्नेमा नगरपालिकाले अन्य कार्यलय वा संस्थाहरुको रु.१०५००००/- खर्च रकम भुक्तानी तथा नगद अनुदान समेत प्रदान गरेको छ । अन्य कार्यलय/संस्थालाई यसरी रकम भुक्तान गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| गो.भौ.नं./मिति | संस्था | प्रयोजन | रकम रु |
|---|---|---|---|
| २००,२०७६/३/२ | जिल्ला खेलकुद विकास समिति | भवन भत्काउने | ३००००० |
| १६, २०७५/९/२० | नेपाल रेडक्रस शाखा रडुवा | अनुदान, मर्मत | ३००००० |
| १९, २०७५/१०/६ | डडेलधुरा उद्योग वाणिज्य संघ | क्षेत्रिय महोत्सव सञ्चालन | २००००० |
| २२९, २०७५/३/११ | नेपाल रेडक्रस घटाल शाखा | मर्मत | १५०००० |
| २६०, २०७६/३/१७ | नेपाल रेडक्रस किर्तिपुर शाखा | मर्मत | १००००० |
| **जम्मा** | | | १०५०००० |

**६२.** **घटी अनुदान सामाग्री वितरणः** (बेरुजू रकम: ९७९९६/-)

लक्षित वर्ग सामाग्री वितरण अनुदान कार्यक्रमको लागि सञ्चालित निम्न कार्यक्रमहरुमा खरिद भएका अनुदान सामग्रीभन्दा घटी वितरण गरेको देखिएकोले अपुग भएको वितरण सामाग्रीको परिमाण तथा दरले हुने नपुग रकम कार्यक्रम सञ्चालकबाट असुल दाखिला हुनुपर्ने रु.

| गो.भौ.नं. /मिति | कार्यक्रम/ कार्यक्षेत्र | हुनुपर्ने वितरण भर्पाइ | | पेश भएको भरपाई | | घटी वितरण परिमाण र रकम | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| २९९/२०७५/९/२९ | कुखुरा दाना वितरण( ५०%अनुदान) | ४००के.जी | २४००० | २०० के जी | १२००० | २००के.जी. | १२००० |
| ३००/२०७५/९/२९ | कुखुरा दाना वितरण( ५०%अनुदान) | ४००के.जी | २४००० | १९५ के जी | ११७०० | २०५ के.जी. | १२३०० |
| ४२२/२०७५/११/१७ | ओखर विरुवा वितरण( ५०%अनुदान) | ३७५ गोटा | ६०००० | ३०८ गोटा | ४९२८० | ६७ गोटा | १०७२० |
| ५२५/२०७५/१२/१० | आलु बिउ वितरण( ५०%अनुदान) | २२५०के.जी | १८०००० | १६५९ के जी | १३२७२० | ५९१ के.जी. | ४७२८० |
| ९२२/२०७६/३/२२ | आलु बिउ वितरण | २७७८ के जी | २०००१६ | २५६० | १८४३२० | २१८ के.जी. | १५६९६ |
| **जम्मा** | | | | | | | ९७९९६ |

**६३.** **शिक्षा सशर्तः**

विद्यार्थीको यथार्थ तथ्यांक प्रवाह गर्ने उद्देश्यका साथ Education Management Information System (EMIS) निर्माण भई सञ्चालनमा रहेको छ । सोही EMIS को तथ्यांकका आधारमा नगरपालिकाले पाठ्यपुस्तक, छात्रवृत्ति, बुक कर्नर लगायतका विभिन्न अनुदानहरु

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निकासा गर्ने गरेको छ । तर निकासा गर्दा आधार लिएको तथ्यांक र पाठ्यपुस्तक वितरण, छात्रवृत्ति वितरणलगायतको भरपाईका विचमा तालमेल भएको पाइएन । EMIS जेष्ठ ७ गते र चैत्र २३ गते अनिवार्य रुपमा Update गर्नुपर्ने तथा अन्य जुनसुकै समयमा आवश्यकता अनुसार Update गर्न सकिने व्यवस्था भएअनुसार EMIS लाई Update गरी तथ्यांकलाई यथार्थपरक बनाएर मात्र विद्यालयको अनुदान खर्च लेख्नुपर्दछ । | |
| ६४. | **सामाजिक सुरक्षा कार्यक्रमः**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS systemमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यबस्था छ । यस सम्बन्धमा थप व्यहोरा निम्न छन्: | |
| | (क) नगरपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक नगरी तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम रु.३९२७१२८०।- नगदमा बुझाएको देखियो । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले व्यबस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका अन्य कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । सबै सामाजिक सुरक्षा लाभग्राहीको बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ । | |
| | **ख) वढी खर्चः** कार्यालयले बजेट खर्च गर्दा खर्चका विल भरपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । यस कार्यक्रमको दोस्रो किस्ता खर्च लेखेको रु.१२१२००।- साथ उपलब्ध गराएको विवरण अनुसार संख्या र दरका आधारमा रु.१२०५१२००।- बजेट खर्च लेख्नुपर्नेमा संख्यात्मक विवरण र दरले हुन आउने अनुदान रकम भन्दा बढी खर्च लेखिएको देखिएकाले रु.७००००।- फरक हुने गरी खर्च लेखिएको देखिएकाल बजेट खर्च गर्दा तथ्याङ्क अद्यावधिक गरी पछिल्लो चौमासिक रकम निकासा दिने व्यवस्था हुनुपर्दछ । | |

| विवरण | संख्या | दर | रकम |
|---|---|---|---|
| जेष्ठ नागरिक अन्य | ७५८ | ४००० | ३०३२००० |
| जेष्ठ दलित | ४२२ | ४००० | १६८८००० |
| एकल महिला | १ | ४००० | ४००० |
| विधवा | ४९१ | ४००० | १९६४००० |
| पूर्ण अपाङ्ग | ५१ | ८००० | ४०८००० |
| आशिंक अपाङ्ग | ६२ | २४०० | १४८८०० |
| वल संरक्षण | ५८९ | १६०० | ९४२४०० |
| उपचार खर्च | ९६६ | ४००० | ३८६४००० |
| जम्मा | | | १२०५१२००.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६५. | **पेश्की दिंदा लागत अनुमानः**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । त्यस्तै स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, कार्यशाला, गोष्ठी आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरुप कार्य सम्पन्न भए | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नभएको र त्यसमा खर्च गरिएका मालसामानहरुको विवरण तथा विल भरपाईसहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आ.व. ०७५/७६ मा कृषि, शिक्षा, पशु र स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने जस्ता प्रवृत्तिले गर्दा कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु तोकिएको संख्या, नर्म्स र मापदण्ड अनुरुप सञ्चालन नहुने देखिएको छ । तसर्थ मौजुदा नियम, निर्देशिका र कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गरी लक्षित वर्गलाई लाभान्वित तुल्याउने र खर्चमा मितव्ययीता ल्याउनेतर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्दछ । | |
| ६६. | **आन्तरिक लेखापरीक्षण :**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ (२) मा प्रत्येक  स्थानिय निकायले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ  ऐनको ९६ वमोजिम कार्यकारी प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा खडा भएको कार्य सञ्चालन कोष तथा अन्य कोषको अन्य व्यवस्था नहुञ्जेल आन्तरिक लेखापरीक्षण जिल्ला स्थीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउने व्यवस्था छ । कार्यालयले आफ्नो आन्तरिक लेखापरीक्षण शाखाबाट नगरपालिकाले आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा लगती बेरुजू औंल्याएको छैन । सैद्धान्तिक व्यहोरा सुझावका रुपमा पेश गरेकोमा सो को कार्यान्वयन गरी आर्थिक प्रशासनमा सुधार गर्नुपर्नेमा कैफियत व्यहोरा सुधार गरी अन्तिम लेखापरीक्षणको लागि स्रेस्ता अद्यावधिक गराएको छैन । | |

## अमरगढी नगरपालिकाको संचित कोष विवरण
## २०७५।७६

अनुसूची १

(रु.हजारमा)

| क्रं.सं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आर | जम्मा आय | चालु खर्च | पूजीँगत खच | अन्य खर्च | जम्मा खर्च | |
| ज्ञ | अमरगढी नगरपालिका | डडेलधुरा | घटढद्धड | ढण्ज्ञण्ण | ज्ञघद्दटछढ | ज्ञघण्ण्द्द | घछद्दठटज्ञ | द्दछठद्धटघ | डडण्ज्ञण | घद्धछ | घद्धछडज्ञड | द्धघडढज्ञ |

अनुसूची(द्द

## बेरुजू बगींकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| क्रं.स | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा स)ख्या | | | दफा स)ख्या | | | दफा स)ख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लग जिम्मेवारी नसारेको | सोधभर्न नलिएक | जम्मा | कर्मचारी पेस्की | अन्य पेस्न | जम्मा |
| ज्ञ | अमरगढी नगरपालिका | द्धढ | ज्ञठ | द्धढडड | ण | ण | ण | द्धढ | ज्ञठ | द्धढडड | ज्ञछठछ | ज्ञद्धछण | ज्ञढटघ | ण | ण | घद्धज्ञघ | ण | ण | ण |

अनुसूची(घ

## अद्यावधिक बेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्षसम्मको बाँकी | यो वर्षको फर्छ्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बेरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| ज्ञ | अमरगढी नगरपालिका | डडेलधुरा | द्दघढछट | ढद्धछण | ज्ञद्धछण्ट | ण | द्धढडड | ज्ञढद्धढद्ध |